जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# इलाम नगरपालिका
# स्थानीय राजपत्र

**खण्ड : ७** **संख्याः ५** **मिति : २०८०/१०/२०**

## भाग-१

**इलाम नगरपालिकाको चौधौ नगरसभाबाट पारित कृषि ऐन, २०८० सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।**

# कृषि ऐन, २०८०

नगरसभाबाट पारित मिति - २०८०/१०/२०
प्रमाणिकरण मिति- २०८०/१०/२०

नेपालको संविधान बमोजिम खाद्य सम्प्रभुताको हकको संरक्षण गर्दै राज्यले अगींकार गरेको कृषि नीतिमा उल्लिखित किसानको हकहित संरक्षण सम्बर्धन गर्दै, कृषि उत्पादन र उत्पादकत्व बढाउन, परम्परागत कृषि प्रणालीलाई आधुनिकीकरण र व्यावसायिकीकरण गर्दै प्रसोधन, भण्डारण र बजारीकरण गर्न कृषक, कृषि समुह तथा सहकारीहरुलाई कृषि सेवा, सामग्री, प्रविधिका साथै कृषि उपजको उचित मूल्य र बजार पंहुचको व्यवस्था, तुलनात्मक लाभहरुको न्यायोचित वितरण र दीगो विकास गर्ने अवधारणा अनुरुप कृषि क्षेत्रको विकास, व्यवस्थापन र सुशासन सञ्चालन गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी इलाम नगरपालिका कृषि ऐन, २०८० निर्माण गरी जारी गरिएको छ ।

### परिच्छेद -१
### प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस ऐनको नाम "इलाम नगरपालिका, कृषि ऐन, २०८०" रहने छ ।
(२) यो ऐन नगर सभाबाट पारित भएपछि प्रारम्भ हुने छ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा -
(क) "प्रमुख" भन्नाले इलाम नगरपालिकाको प्रमुख सम्झनु पर्छ ।
(ख) "उपप्रमुख" भन्नाले इलाम नगरपालिकाको उपप्रमुख सम्झनु पर्छ ।
(ग) "कृषि" भन्नाले अन्नवाली, दलहन, फलफूल, तरकारी, मसला तथा नगदेबाली, पशुपालन, निजी तथा करार गरिएका जग्गामा गरिएका घाँस तथा डाले रुख एवं जडिबूटीको खेती र तिनको प्रारम्भिक भण्डारण, प्रशोधन र बजारीकरणलाई सम्झनु पर्छ ।
(घ) "खेतीयोग्य जमिन" भन्नाले अन्नवाली, दलहन, फलफूल, तरकारी, पशुपालन, डालेघाँस एवं जडिबूटीको खेती गरिएको निजी जमिन वा सरकारले खेती गर्न योग्य भूमि छुट्टयाएको वा नछुट्टाएको खालि जमिन र नदी उकास खेतीयोग्य जमिनलाई सम्झनु पर्छ ।
(ङ) "स्थानीय तह" भन्नाले इलाम नगरपालिका तथा वडाहरु र पालिकामा निर्वाचित जनप्रतिनिधिहरु संझनु पर्छ ।
(च) "सभा" भन्नाले नगरसभा संझनु पर्छ ।
(छ) "किसान तथा व्यावसायिक किसान" भन्नाले आफ्नो परिवारका सदस्यकै श्रमबाट आफ्नो वा अरुको जमिनमा काम गरी परिवारको खाद्य आपूर्ति गर्ने परिवारको मूली वा उसको श्रीमान्, श्रीमती वा दुवैलाई सम्झनु पर्दछ । आम्दानीका लागि आफ्नो वा अर्काको जमीनमा परिवारका सदस्य बाहेक अरु श्रमिक वा मूलरुपमा यन्त्रको प्रयोग गरी खेती गर्ने व्यक्तिलाई व्यावसायिक कृषक सम्झनुपर्छ ।
(ज) "कृषक समूह" भन्नाले स्थानीय तहमा दर्ता भै कृषि तथा पशुपंछी पालनमा काम गर्ने किसानहरुको समूहलाई संझनु पर्छ ।
(झ) "कृषि सहकारी":- कृषि सहकारी भन्नाले सहकारी ऐन अन्तरगत कृषि व्यवसाय गर्ने मूल उद्धेश्य राखि दर्ता भएको सहकारी संस्थालाई सम्झनु पर्दछ ।
(ञ) "तोकिए बमोजिम" भन्नाले यस ऐन अर्न्तात बनेको नियममा तोकिएको वा तोकिए बमोजिम संझनुपर्छ ।
(ट)"पकेट क्षेत्र" भन्नाले कुनै कृषि तथा पंशुपछी पालन व्यवसायलाई सञ्चालन गर्न सम्भाव्यताको आधारमा निर्धारण गरिएको क्षेत्र संझनु पर्छ ।
(ठ) "भूउपयोग" भन्नाले सरकारले बिभिन्न प्रयोजनका लागि वर्गिकरण गरि तोकेको जमिनको उपयोगलाई सम्झनु पर्छ ।

## परिच्छेद -२
## भूमी, सहकारी कृषि तथा पशुपंछी सम्बन्धी निर्देशक सिद्धान्त

३. मार्ग निर्देशनका रुपमा रहने : (१) यस परिच्छेदको दफाहरुमा उल्लेखित निर्देशक सिद्धान्त मार्ग निर्देशनका रुपमा रहेछन् ।

(२) स्थानीय तहले यस परिच्छेदको दफाहरुमा उल्लेखित सिद्धान्तको कार्यान्वियन गर्न आवश्यकता अनुसार श्रोत साधन परिचालन गर्ने गराउनेछ ।

४. निर्देशक सिद्धान्तहरु :

(१) कृषि तथा पशुपंक्षी क्षेत्रको समग्र विकासका कार्यहरु मार्फत खाद्यान्नमा आत्मनिर्भर बनाउने र तुलनात्मक कृषि उपज प्रवर्धन गर्न खाद्य संप्रभुताका आधारभुत मान्यता र मापदण्डअनुसारको कृषि प्रणाली अपनाउने उद्देश्य हुनेछ । यसमा खाद्य सुरक्षा साथै रैथाने बाली संरक्षण, प्रवर्धन समेत पर्दछ ।

(२) स्थानीय तहका संस्कृति परम्पराको सम्मान र संरक्षण तथा जैविक बिविधताको जगेर्ना गर्ने कृषि पद्दति जीविकोपार्जन, आय आर्जन तथा रोजगारीका आधुनिक सीपहरु, सहकारीको विकास, स्थानीय स्रोत साधनको अधिकतम उपयोग,स्थानीय कृषक समूह (बिपन्न महिला/पुरुष/आदिवासी/जनजाति र दलित) को उत्थानका लागि कृषि तथा पशु विकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्य हुनेछ ।

(३) कृषि तथा पशुपंछी व्यवसायको बिकास गर्दा स्वास्थ्य नागरिकको जीवनमा हानी पुऱ्याउने रसायनिक तथा घातक विषादीको प्रयोगलाई निरुत्साहन गर्ने, संकटापन्न महामारी रोग, किराको प्रकोपको रोकथाम तथा उपचार तथा नियन्त्रण, कृषि जनचेतनामा बृद्धि, मलजल विऊ विजनको सरल बिक्री वितरण र उपलब्धता, प्राङ्गारिक मलखादको प्रयोगमा बढावा गरि उत्पादनमा बृद्धि गर्ने उद्देश्य हुनेछ ।

(४) कृषिमा आधुनिक प्रविधिको विकास, जैविक विविधता र वातावरण संरक्षण संवर्धन, आधुनिक कृषि औजारको अध्ययन अनुसंधान विकास र सरल बिक्री वितरण र सिप तथा प्रविधि हस्तान्तरण गर्ने उद्देश्य हुनेछ ।

(५) पशुपंछीपालन, नश्ल सुधार, प्रजातिको विकास विस्तार र हस्तान्तरण, चरिचरन रोजगार र आय आर्जन उन्मूख हुनेछ ।

(६) स्थानीय तहबाट बजेट कार्यक्रम तर्जुमा गर्दा नै अनुदान, विमा, बजार विस्तार तथा व्यवस्थापन, संघ संस्थाको स्थापना गर्ने उद्देश्य हुनेछ ।

(७) रसायन, विषादी र प्लाष्टिकमा आधारीत उद्योगबाटखाद्य तथा कृषि प्रणालिमा पुऱ्याउने असरबाट मुक्त पार्ने प्रविधि र नियमन व्यवस्था निर्माण गर्ने उद्देश्य हुनेछ ।
(८) सरकारको भूउपयोग नीति र कानूनका आधारमा कृषियोग्य भूमिको संरक्षण र दीगो उपयोग गर्ने उद्देश्य हुनेछ ।

## परिच्छेद ३
## किसानको सूचीकरण, वगीकरण ,सामुहिक तथा व्यवसायिक खेती बिकास तथा व्यवस्थापन

५. जमिन उपयोग, उपभोग र व्यवसायको क्षमताको आधारमा किसानको वर्गीकरण (१) सूचीकृत किसानलाई सिमान्त (भूमिहिन, कृषि मजदुर), साना किसान , मझौला किसान र ठूला किसानमा वर्गीकरण गर्न सकिने छ ।
(१.१) भोगचलन (कमाई र व्यवसाय चलनको आधार) गरि आएको जमिनका आधारमा वर्गिकरण, पालिकास्तरमा समिति वनाई किसानको वर्गिकरण गर्न सकिनेछ ।
(१.२) भुमीहिन कृषकलाई भूउपयोगको मापदण्ड वनाई एकल वा सामूहिक व्यवसायको लागि करारमा (जग्गा भाडामा) जमिन उपलव्ध गराई कृषि व्यवसायमा सकृय सहभागिता गराउन सकिने छ ।
(२) उपदफा (१) वमोजिम किसानलाई वर्गिकरण गर्दा साना किसान भन्नाले चार जनाको एक परिवारलाई जीविकोपार्जन गर्न पुग्ने कृषि व्यवसाय वा १० रोपनि सम्म कृषि भुमि रहेको किसान हुनु पर्नेछ
(३) उपदफा (१) बमोजिम मझौला किसान भन्नाले चार जना भन्दा वढिको परिवारलाई जीविकोपार्जन गरी थप आम्दानी गर्ने तोकिएको मापदण्ड बमोजिमको व्यवसाय वा १० रोपनि भन्दा माथि ५० रोपनीसम्म कृषि भुमि रहेको किसान हुनुपर्नेछ ।
(४) उपदफा (१) वमोजिम व्यावसायिक किसान भन्नाले तोकिएको मापदण्ड बमोजिमको व्यवसायको क्षमता वा ५० रोपनि भन्दा माथि प्रचलित कानून बमोजिम कृषि भुमि राख्न पाउने किसान हुनु पर्नेछ ।
(५) माथि उपदफा (२) मा उल्लेख भए वमोजिम १० रोपनि भन्दा कम जग्गा हुने किसानको जग्गा किसानको हक नमिटिने गरि व्यवस्थित ढंगवाट सामुहिक खेती विकास वा जग्गा भाडामा लिई गरिने खेती तर्फ लगाउने र सो जग्गा प्रयोग गरे वापत सम्वन्धित जग्गाधनीलाई तोकिए वमोजिम सालवसाली भाडा उपलब्ध गराइनेछ ।
(६) माथि उल्लेखित जग्गाको क्षेत्रफलको मापदण्ड आफ्नो नाममा जग्गा जमिन नभएका किसानले अरुको नाममा रहेको जग्गा लिज वा भाडा वा अन्य कुनै शर्तमा कमाएकाको हकमा समेत लागू हुनेछ ।

## परिच्छेद -४
## कृषि तथा पशुपालन सम्वन्धी प्राविधिक ज्ञान सीप सूचना प्राप्ति र कृषि सेवा केन्द्र

६.सूचना तथा प्रचार प्रसार : (१) स्थानीय तहले कृषकहरुलाई कृषि तथा पशु सम्बन्धी तालिम, प्रविधि, प्राविधिक टेवा, कृषक क्षमता तथा सीप विकास, सशक्तिकरण सम्बन्धी सूचना उपलब्ध गराउने छ ।
(२) उपदफा (१) अनुसारको सूचना तथा प्रचार प्रसार लागि कृषि बालि, तरकारी, फलफूल, नगदेवाली, पशुपंछी पालन, माछा पालन सम्वन्धी व्यवहार योग्य पाठ्य सामग्री तयार गर्ने, रेडियो तथा टेलिभिजन कार्यक्रममार्फत प्रचार प्रसार र वहश चलाउने, कृषक समूह तथा सहकारी संमिलित "गराई सिकाई कार्यक्रम" प्रत्येक क्षेत्रमा सञ्चालन गर्नुपर्ने छ ।
(३) उपदफा (१) र (२) बमोजिमको सूचनाको हक उपलब्ध गराउनु पर्नेछ । यसमा कृषि एप्स तथा अनलाइन प्रविधि प्रसार समेत प्रयोग गर्न सकिनेछ ।

(४) आवश्यक सूचना कृषकहरुले मागेका बखत उपलब्ध गराउनु स्थानीय तहका निकायगत पदाधिकारीको कर्तव्य हुनेछ । यसरी सूचना उपलब्ध नगराएको पाइएमा तोकिएको वा तोकिए बमोजिम सजाय गर्न सकिने छ ।
७. कृषि प्राविधिक जनशक्तिबाट निःशुल्क सेवाको उपलब्धता : (१) कृषक समूह तथा सहकारीलाई कृषि वाली तथा पशुपंछी विकास कार्यक्रम सञ्चालन भएका पकेट क्षेत्रहरुमा नियमित रुपमा स्थलगत प्राविधिक सेवा उपलब्ध गराउने छ ।
(२) उपदफा (१) बमोजिम कृषक समूह तथा सहकारीहरुबाट सेवा माग गरिएमा सेवा उपलब्ध गराउनु पर्नेछ ।
(३) उपदफा (१) र (२) बमोजिमको सेवा उपलब्ध नगराउने कृषि प्राविधिकलाई कृषकहरुले कानूनी कारवाही माग गरी निवेदन दिन सक्नेछन् । यसरी कृषकले निवेदन दिएमा छानविन गरी सेवा प्रदान नगरिएको ठहरिएमा निज प्राविधिक माथि तोकिएको वा तोकिए बमोजिम सजाय हुनेछ ।

(४)सामुदायिक कृषि तथा पशु सेवा संरक्षणका लागि प्रचार प्रसार प्राविधिक ज्ञान सीप उपलब्ध गराउन तथा कृषकलाई आवश्यक परामर्श सेवा उपलब्ध गराउन आवश्यक संख्यामा सेवा केन्द्रहरु स्थापना गरिनेछ र वडामा एक सेवाकेन्द्र रहने छ । उक्त सेवाकेन्द्रको व्यवस्थापन नियमावलीमा तोकिए अनुसार हुने छ ।

## परिच्छेद ५
## विउ विजन, मलखाद तथा किटनाशक औषधि र वाली तथा पशुपंछी प्रवर्धन

८. बिऊ, विजन मलखाद तथा जैविक किटनाशक औषधीको सहज उपलब्धता :

(१) स्थानीय तहले कृषकलाई मौसम अनुसार सिफारिस गरिएका विऊ विजन, महामारी वा प्राकृतिक पकोप्रजन्य रोग किरा फटेग्रा आदिको नियन्त्रण र रोक**थाम**का लागि सिफारिस गरिएका जैविक औषधी तथा जैविक सुरक्षा विधिको सरल र सहज ढंगबाट समयमा नै व्यवस्था गर्नु पर्ने छ । साथै विभिन्न बालीका लागि बीउ उत्पादन केन्द्र स्थापना गरी बीउबिजनको उपलब्धतालाई सहज गरिनेछ ।

(२) उपदफा (१) बमोजिम रोगव्याधिको महामारी संक्रमण फैलिएका स्थलमा तत्काल दक्ष प्राविधिक खटाई रोग माहामारी संक्रमण नियन्त्रण गर्न सहयोग पुऱ्याउनेछ ।

(३) बिऊ बिजन तथा किटनाशक औषधी मल खादको सरल उपलब्धताको लागि उचित बजार व्यवस्था गरिनेछ ।

(४) बिऊ विजन किटनाशक औषधी मलखाद बिक्री वितरणका लागी "कृषि सहकारी" लाई प्राथमिकता दिईनेछ ।

(५) रसायनिक र अनावश्यक किटनाशक औषधी प्रयोगमा बन्देज गरी जैविक विविधता र कृषि वातावरण संरक्षण गर्न कृषक समूहको सहभागी रहेको तोकिएको समिति गठन गर्नुपर्नेछ । सो समितिले अनुगमन मूल्यांकन गरी रसायनिक र अनावश्यक वा अत्याधिक किटनाशक औषधी प्रयोगकर्ता किसानलाई सचेत तथा तोकिएको वा तोकिए बमोजिम सजाय गर्ने सिफारिस गर्न सक्नेछ ।

(५)पशुपंछी व्यवस्थापनमा मापदण्ड अनुसारको नश्ल सुधार, आहारा, गोठ/खोर निर्माण, जैविक विविधता संरक्षण, वजार व्यवस्थापन, उपचार तथा महामारी रोग नियन्त्रण, जैविक सुरक्षा तोकिए बमोजिम गरीनेछ ।

९. कृषक समूहको गठन : (१) सहभागीतामूलक कृषि तथा पशु विकास कार्यक्रमको व्यवसायिकता अभिबृद्धि गर्न सहजीकरणका लागि क्षेत्रगत तथा विषयगत कृषक समूहको गठन गरिनेछ ।

(२) उदफा (२) बमोजिम गठन हुने कृषक समूहमा रहने निकायगत पदाधिकारी तथा कृषकहरु तोकिएको वा तोकिए बमोजिम हुनेछ ।

१०. तथ्याङ्क अभिलेख राख्नु पर्ने : (१) स्थानीय तहमा रहेका कृषि तथा पशु सम्बन्धी निकायले आफ्नो क्षेत्र भित्रको कृषि जमिन, कृषि वाली, फलफूल, तरकारी खेती, नगदेवाली, रैथाने वाली, कृषि उपजको उत्पादन तथा खपत, मल खादको आवश्यक परिमाण रोग तथा किरा र पशुपंछि पालन सम्बन्धी आवश्यक वास्तविक तथ्याङ्कको अभिलेख तयार गरिनेछ । यसमा अनलाइन प्रविधि समेत प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सङ्कलित तथ्याङ्कलाई समय समयमा सार्वजनिक गर्ने र आफू भन्दा माथिल्लो निकायमा पठाउने । यसरी तयार गरिएको तथ्यगत तथ्याङ्कलाई अध्ययन विश्लेषण गरी भावी कृषि रणनीति तथा कार्यक्रम निर्माणमा प्रयोग गरिनेछ ।

११. अनुगमन मूल्याङ्कन सम्बन्धी व्यवस्था : (१) स्थानीय तहमा संचालित कृषि वाली तथा पशुपंछी विकास कार्यक्रमबाट तोकिएको प्रतिफल प्राप्ति र तत्काल क्षेत्रगत रुपमा आईपरेका समस्या समाधानका लागि तोकिएको वा तोकिए बमोजिमको र कृषक समूह/सहकारी रहेको अनुगमन मूल्याङ्कन समिति गठन गरिने छ ।

(क) आर्थिक विकास समितिका अध्यक्ष – संयोजक

(ख) राष्ट्रिय कृषक समूह महासंघको स्थानीय प्रतिनिधि – सदस्य

(ग) कृषि तथा पशुपंक्षी व्यवसायीहरुको तर्फबाट नगर प्रमुखबाट मनोनित १ महिलासहित २ जना – सदस्य

(घ) नगर प्रमुखबाट मनोनित १ महिलासहित २ जना कृषक – सदस्य

(ङ) कृषि तथा पशुंक्षी विकास शाखाका प्रमुख – सदस्य सचिव

(च) समितिको बैठकमा संयोजकले आवश्यकतानुसार अन्य व्यक्तिलाई आमन्त्रण गर्न सक्नेछ । नगर कृषि प्रवर्धन समितिका अध्यक्ष आमन्त्रित सदस्यको रुपमा बैठकमा उपस्थित हुनेछ ।

(२) उपदफा (१) अनुसार गठन गरिएको अनुगमन मूल्याङ्कन समितिले गरेको सिफारिसलाई स्थानीय तहबाट कार्यान्वयन गरिने छ ।

## परिच्छेद ६
## अनुदान, विमा तथा कोष सम्बन्धी व्यवस्था

१२. अनुदान सम्बन्धी व्यवस्था : (१) कृषि क्षेत्रमा जीविकोपार्जन गरी जीवनयापन गर्ने किसान वा कृषक समूहहरुलाई उत्पादनमा आत्मनिर्भर बनाउनका लागि नेपाल सरकारले समय समयमा तोकि दिएको नीति निर्देशनको परिधी भित्र रही कृषि तथा पशुपंक्षी व्यवसाय, प्राङ्गारिक/जैविक मलखाद, जैविक किटनाशक औषधी, आधुनिक औजार उपकरण, सेवाको क्षेत्रमा अनुदान उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) बमोजिम नेपाल सरकारबाट उपलब्ध हुने अनुदानको अतिरिक्त स्थानीय तहले आफ्नो श्रोतबाट समेत थप अनुदान उपलब्ध गराउन सकिने छ । तर आफ्नो श्रोतबाट थप अनुदान उपलब्ध गराउन कार्यविधि, निर्देशका तयार गरिनेछ ।

(३) माथि उल्लेखित उपदफाहरुमा जुनसुकै कुरा लेखिएको भएता पनि स्थानीय तहबाट गरिबीको रेखा मुनी रहेका दलित, जनजाति, भूमिहिन कृषकहरुलाई निर्देशिका बनाई विशेष अनुदान उपलब्ध गराइने छ ।

१३. विमा सम्बन्धी व्यवस्थाः (१) कृषि बाली, नगदे बाली, तरकारी खेती, पशुपंछी पालन, माछापालन लगायत कृषि व्यवसाय गर्ने कृषकलाई तोकिएको वा तोकिए बमोजिम विमा सेवा सुविधा उपलब्ध गराइने छ ।

(२) उपदफा (१) बमोजिम विमा सम्बन्धी विस्तृत कार्यविधि र निर्देशिका स्थानीय तहबाट तयार गरी कार्यान्वयन गरिने छ ।

१४. कृषि तथा पशु विकास कोषको व्यवस्थाः (१) स्थानीय तहमा नेपाल सरकारवाट विनियोजित रकम, प्रदेश सरकार र स्थानीय तहवाट प्राप्त हुने राजश्व रकम जम्मा गरी एक कोषको व्यवस्था गरिने छ ।

(२) उपदफा (१) बमोजिम दाखिला हुन आउने रकम नेपाल सरकारवाट तोकिएको ऐन कानून वमोजिम मात्र खर्च गरी सोको लेखा परिक्षण समेत गरिनेछ ।

(३) उपदफा (१) बमोजिम नगरपालिकालाई प्राप्त रकम खर्च गर्दा अनियमितता हुन नपाउने गरि खर्च गर्ने व्यवस्थापनको लागि कार्यविधि वा निर्देशिका तयार गरिने छ ।

(४) कृषकलाई कृषि पेशाप्रति समर्पित र लगाव राखि राख्न आत्मनिर्भरताका लागि स्थानीयस्तरमा मापदण्ड तयार गरि नियन्त्रणको व्यवस्था गरिनेछ ।

१५ कृषि ऋण :- (१) व्यावसायिक कृषकहरुलाई पूँजीको व्यवस्थापन गर्न बैंक तथा बित्तिय संस्था तथा सहकारी संस्थाहरुसँग सहकार्य गरी सहुलियत व्याजदरमा कृषि ऋण उपलब्ध गराईने छ ।

(२) कृषि व्यवसायीलाई उपदफा (१) बमोजिमको कृषि ऋणमा निर्देशिका वनाई व्याज अनुदान उपलब्ध गराईने छ ।

## परिच्छेद ७
## भण्डारण, प्रशोधन, आन्तरिक वजार, हाट वजार, प्रदर्शनी स्थल, तथा अन्तर्राष्ट्रिय वजार व्यवस्थापन

१६. आन्तरिक तथा वाह्य वजारको व्यवस्थाः (१)स्थानीय स्तरमा उत्पादन गरिएका कृषि उपज, तरकारी, फलफल, नगदेवाली र पशुपंछी तथा पशुपंछीजन्य उत्पादनको आन्तरिक खपतका लागि हाट वजार, संकलन केन्द्र वा सहकारी पसलहरु सञ्चालनमा ल्याई आवश्यकतानुसार ब्राण्डिङ्ग समेत गरी आम उपभोक्तालाई उचित मूल्यमा गुणस्तरयूक्त वस्तु तथा सेवा उपलब्ध गराइनेछ ।

(२) उपदफा (१) वमोजिम उत्पादित वस्तु तथा सेवाको कृषक हकहितका लागि सहज वजार पहुंचको व्यवस्था गरिनेछ ।

(३) उपदफा (१) बमोजिमको उत्पादित वस्तुहरु स्थानीय तहहरुमा खपत भै जगेडा रहन गएका वस्तुहरुको भण्डारणको व्यवस्था गरिने छ । बिग्रने वा सडीगली जाने तरकारी, फलफूल, माछा मासुको लागि शितभण्डारको निर्माण तथा व्यवस्थापन गरिने छ ।

(४) स्थानीय तहमा उपभोग भै बचत रहन गएका वस्तुहरुको अन्य गाँउ नगर पालिका, प्रदेश क्षेत्रमा तोकिए बमोजिम निकासी गर्न पाउने व्यवस्था गरिनेछ ।

(५) स्वदेशमा मात्र खपत हुन नसक्ने वस्तुहरुको अन्तर्राष्ट्रिय बजारमा निकासी गर्न सक्ने गरी तोकिएका वा तोकिए बमोजिमको व्यवस्था गरिने छ ।

(६) उपदफा (२) बमोजिम बिक्री वितरण गरिने पशुपंछीको मासु जन्य पदार्थको शुद्धताको लागि आधुनिक वधस्थल, वधशालाको निर्माण र विस्तारमा जोड दिइनेछ ।

(७) पशु विकास गर्न नश्ल सुधार सम्वन्धी जनचेतनामूलक तथा सरल र अत्याधुनिक प्रविधि तथा सीप विकाशमा जोड दिइनेछ ।

१७. कृषि प्रदर्शनी तथा व्यापार मेला सञ्चालन : (१) स्थानीय तहमा उत्पादित मौसम अनुसारका उत्पादनको संरक्षण प्रर्वधन र बजार विस्तारको लागि सुहाउँदो स्थानमा कृषि तथा व्यापार मेला सञ्चालन गरिने छ ।

(२) उपदफा (१) बमोजिम कृषि प्रदर्शनी तथा व्यापार मेला सञ्चालन तथा व्यवस्थापनका लागि तोकिएको वा तोकिए वमोजिम कर लगाउन सकिने छ ।

(३) उपदफा (२) बमोजिम लगाइएको कर कृषि कोषमा जम्मा हुने व्यवस्था गरिने छ र सो कोषबाट आन्तरिक बजार व्यवस्थापन गरी बाँकी रहन गएको रकम सोही क्षेत्रको विकासमा मात्र खर्च गरिने छ ।

१८. खाद्य प्रशोधन तथा माछा मासु प्रशोधन केन्द्र (१) आन्तरिक रुपमा बाह्य बजार विस्तारका लागि खाद्य वस्तुहरुलाई प्रशोधन गरी लामो समयसम्म गुणस्तर कायम राख्न सक्ने गरी भण्डारण प्रशोधन केन्द्र स्थापना गरिने छ ।

(२) स्थानीय तहमा उत्पादित वस्तुहरुको संरक्षणका लागि आयातलाई निरुत्साहित गरिनेछ ।

(३) आन्तरिक खपतबाट जगेडा भएका माछा मासु अन्य प्रदेश वा अन्तराष्ट्रिय बजारमा बिक्री वितरण गर्नको लागि अन्तर्राष्ट्रिय मापदण्ड अनुसार भण्डारण, प्याकेजिङ गर्ने प्रशोधन केन्द्र सञ्चालनमा ल्याइने छ ।

(४)अन्तर्राष्ट्रिय व्यापार अभिबृद्धिका लागि निश्चित मापडण्ड तयार गरि नाकाहरुमा कृषि तथा पशु क्वारेन्टाइनको जाँच पडताल पछि मात्र पशुको निकाशी पैठारी गर्ने व्यवस्था गरिनेछ ।

(५) राज्यले तोके वा तोकिए अनुसार सङ्कटकाल, प्राकृतिक प्रकोपको अवस्थामा प्रयोग गर्ने गरि खाद्यान्न भण्डारणमा सञ्चय वा जगेडा राखिनेछ ।

## परिच्छेद ८
## कृषि योग्य जमिन व्यवस्थापन

१९. जग्गा भाडामा लिन दिन सक्ने - (१) भूमिहिन वा कम जमिन भएका व्यक्ति वा कृषक समुह र सहकारीलाई उत्पादनमा बृद्धि गर्न सहयोग पुराउनका लागि बाँझो कृषि जग्गा भाडामा लिने दिने व्यवस्थालाई प्रश्रय दिई आधुनिक खेती प्रणाली विकाशका लागि स्थानीय तहले भाडामा लिने दिने पक्ष विच समन्वयात्मक भूमिका खेल्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम भाडामा दिने र लिने पक्ष बीच करारनामा सम्झौता भएका भाडामा दिने जमिनका हकदारसँग तोकिए बमोजिम जमिन भाडा कर उठाइने छ ।

(३) समूह/समूह वा व्यक्तिहरु मिलेर सामूहिक खेती गर्न चाहेमा स्थानीय तहबाट स्वीकृती लिई खेती गर्न सक्नेछन् ।

(४) उपदफा (३) बमोजिम खेती गर्ने पक्षहरु र जमिन भाडामा दिने पक्ष बीच करार सम्झौता भएमा स्थानीय तहले दुवै पक्षबाट तोकिएको कर उठाइने छ ।

(५) खाली ऐलानी जमिनको कृषि प्रयोजनका लागि उपयोग गर्ने सम्बन्धमा भु उपयोग नीति बनाई कार्यान्वयन गरिनेछ ।

२०. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन : (१) पशुपंछीको विकासको लागि स्थानीय तहमा उपलब्ध भएका सार्वजनिक जमिन, खर्क वा बाँझो जमिनलाई चरन तथा खर्क क्षेत्र तोकी प्रयोगमा ल्याउन सकिनेछ ।

(२) उपदफा (१) बमोजिमका क्षेत्रमा चरीचरन गराउने पशुपालक कृषकले चरन गराएवापत स्थानीयतहलाई वार्षिक तोकिए बमोजिमको शुल्क बुझाउनु पर्नेछ ।

(३) कुनै व्यक्तिले जमिन बाँझो राखेमा उक्त जमिन स्थानीय तहले तोकिएको वार्षिक शुल्क तिर्ने गरी निश्चित अवधिको लागि करार सम्झौता गरी भाडामा लिन सक्नेछ ।

(४) चरन तथा खर्क क्षेत्र तोकिए पछि स्थानीय तहले यस क्षेत्रमा आधुनिक घाँसे मैदानको विकास गराउनु पर्नेछ ।

(५) माथि उपदफाहरुमा जुनसुकै कुरा उल्लेख भएतापनि कुनै किसानले कृषि योग्य जमिन बाँझो राखेमा त्यस्ता किसानहरुलाई स्थानीय तहले तोकिए बमोजिमको जरिवाना गर्न सक्नेछ ।

## परिच्छेद ९
## विविध

२१. स्थानीय तहमा रहेका पानी मुहान, पोखरी, नदिनाला, स-साना कूलो संरक्षणः स्थानीयतहमा प्राकृतिक रुपमा रहेका पानीको मुहान, पोखरी नदिनाला, परम्परागत कूलो बाँध पैनीको मर्मत संभार र जिर्णोद्धार गरि सिंचाई खानेपानीका लागि सञ्चालनमा ल्याईनेछ । यस्ता सिचाई प्रवर्धनमा बिद्युतीय तथा सौर्य ऊर्जाको उपयोगमा जोड दिईने छ ।

२२. जलवायु अनुकुलन, जैविक विविधता र वातावरणको संरक्षण : (१) जलवायु अनुकुलनका लागि उपयुक्त प्रविधि विकासमा जोड दिईने छ । प्राकृतिक पहिचान भएका वाली वोट विरुवाहरु वनस्पति तथा विऊ विजनको अनुवंशहरु, जीवहरुको संरक्षण , सम्वर्धन, प्रर्वधन र जलवायु अनुकुलन गर्ने दायित्व र कर्तव्य स्थानीयतहको हुनेछ । साथै जलवायुमैत्री कृषि प्रणाली अवलम्बन गरिनेछ ।

(२) उपदफा (१) वमोजिम संरक्षण, सम्वर्धन तथा प्रवर्धन गर्दा र जमिनको प्रयोग गर्दा वातावरणमा कुनै किसिमको फेरवदल हुने वा असर पार्ने कार्य नगरी वातावरणलाई दीगो रुपमा संरक्षण गर्नु पर्नेछ।

२३. स्थानीय तहका अन्तर निकाय समन्वय र नियमन : (१) स्थानीय तहमा रहेका अन्तर सरकारी निकाय र गैरसरकारी निकाय वीच कार्यक्रम, योजना तथा विकाश निर्माण कार्य सञ्चालन दोहोरो नपर्ने र समन्वय सहित योजना तर्जुमा गरि कार्यान्वयन गरिनेछ ।

(२) उपदफा (१) वमोजिम योजना कार्यान्वयन गर्दा अन्तर प्रदेश वा प्रदेश-प्रदेश वीच समन्वय गर्नु आवश्यक भएमा स्थानीय तहले प्रदेश मार्फत वा सिधै पनि सम्पर्क वा समन्वय गर्न सक्नेछ।

(३) उपदफा (१)वमोजिम कार्यक्रम सञ्चालन गर्दा अनियमितता हुन नपाउने गरी नियमन गर्नको लागि तोकिए वमोजिम अनुगमन समिति गठन गरिनेछ।

२४. कृषि पर्यटन : पर्यटन प्रवर्द्धन हुने गरी व्यावसायिक कृषि सञ्चालन गर्न नगरपालिकाले प्रोत्साहन गर्नेछ। कृषि तथा पशुको स्रोत केन्द्र विकास गर्दा पर्यटन प्रवर्द्धन हुने गरी सञ्चालन गर्नु पर्नेछ।

२५. कृषिवन प्रणालीको विकास : (१) जलवायु तथा पर्यावरणीय क्षेत्रमा आएको फेरवदल र बढदो खाद्यान्नको मागको वर्तमान अवस्थालाई दृष्टिगत गरि एकीकृत कृषि व्यवसाय अपनाउन र वातावरण तथा वनस्पतिको संरक्षण गर्दै खाद्यान्न उत्पादन बढाउन पातलिएको वनमा स्थान विषेश वाली तथा फलफुलको खेती विकाश गरि खाद्यान्न, फलफुल तथा नगदेवाली र घाँस खेती विकास गरिनेछ।

(२) उपदफा (१) वमोजिम पातलिएको वनमा कृषि खेतीको लागि इच्छुक व्यक्ति वा फर्मलाई निश्चित अवधि तोकी कवुलियत गरि वन दिन सकिनेछ।

(३) उपदफा (२) वमोजिम कवुलियत गर्न उपयुक्त वनमा कृषि खेती गर्ने व्यक्ति वा फर्मले वनमा विद्यमान रहेको वातावरणलाई कुनै प्रतिकुल असर नपुराउने गरि र सो प्रयोग गरे वापत वार्षिक रुपमा तोकिए बमोजिम नगरपालिकालाई शुल्क वुझाउने गरि दिन सकिनेछ।

२६. कृषक परिचय पत्र र पेन्सन व्यवस्था:- कृषकको वर्गिकरण अनुसार परिचय प्रदान गरिने छ परिचय पत्रको आधारमा कार्यविधि वनाई कृषक पेन्सन कार्यक्रम ल्याइने छ।

२७. आन्तरिक तथा वाह्य सहयोग लिन सक्ने:स्थानीय तहले आफ्नो क्षेत्रको विकासको लागि स्वदेशी वा विदेशी संघ संस्थासंग आर्थिक तथा प्राविधिक सहयोग लिन सक्नेछ। तर स्थानीय तहले यसरी प्राप्त रकम र सहायता सम्झौता भएको क्षेत्रमा नै प्रयोग गर्नु पर्ने र सोको जानकारी सम्वन्धित प्रदेश र नेपाल सरकारलाई जानकारी गराउनु पर्नेछ।

२८.नियम बनाउने अधिकार : यस ऐनको कार्यान्वयनको लागि स्थानीय तहले आवश्यक नियम, कार्यविधि तथा निर्देशिका बनाउन सक्नेछ।

२९.केन्द्र र प्रदेशको ऐनसंग वाझिएमा बाझीएको हदसम्म अमान्य हुने : स्थानीय तहबाट तर्जुमा गरिएको यो ऐन केन्द्र तथा प्रदेशको ऐन सँग बाझिन गएमा बाँझिएको हद सम्म यो ऐन निस्कृय रहने छ।

**आज्ञाले,**
गणेश कुमार खड्का
प्रमुख प्रशासकीय अधिकृत